च.नं : MBL/CS/082/83-26 मिति : २०८२/०५/१९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं, नेपाल ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

यस बैंकको मिति २०८२/०५/१९ मा बसेको सञ्चालक समितिको ५३७ औं बैठकको निर्णयानुसार यस बैंकको सत्ताइसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल असोज १० गते (तदनुसार २६ सेप्टेम्बर, २०२५) शुक्रबार ।

समय : विहान ११:०० बजे ।

स्थान : होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्की ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको २७ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरणहरु सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र नियुक्तीका शर्त तथा पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री जी.पी.राजबाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य रहेको)

Machhapuchchhre Bank Ltd. Head Office


Head Office:
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4528556, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४६,४८,५४,२९०/९२ (अर्थात चुक्ता पूँजीको ४ प्रतिशत) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

६. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूहको तर्फबाट रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिले साविक सञ्चालकको बाँकी कार्यकालसम्मको लागि गरेको सञ्चालकको नियुक्ती अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४६,४८,५४,२९०/९२ (अर्थात चुक्ता पूँजीको ४ प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रचलित कानुनी एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही प्रति शेयर रु. १००/- का दरले रु. ३,००,००,००,०००/- (अक्षरेपी रु. तीन अर्ब) बराबरको "८.२५% माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर" (8.25% Machhapuchchhre Perpetual Non-Cumulative Preference Share) जारी गर्ने ।

३. बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब) लाई वृद्धि गरी रु. २०,००,००,००,०००/- (अक्षरेपी बीस अर्ब) पुऱ्याउने र विशेष प्रस्ताव नं. १ र २ बमोजिम जारी गरिने बोनस शेयर र माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Machhapuchchhre Perpetual Non-Cumulative Preference Share) को हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको सम्बन्धित दफाहरु संशोधन गर्ने ।

४. सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा वृद्धि गर्ने र सोही बमोजिम बैंकको नियमावलीको सम्बन्धित दफाहरु संशोधन गर्ने ।

५. विशेष प्रस्ताव अनुसार प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**शेयर दाखिल खारेज बन्द सम्बन्धी :**

**साधारण सभाको लागि मिति २०८२ साल भाद्र २७ गते (एक दिन) सेयर दाखिल खारेजको दर्ता बन्द हुने भएको हुँदा सो भन्दा अगाडी नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोवार भई सोको ७ कार्य दिन भित्र यस बैंकको शेयर शाखा, सुन्धारा, माछापुच्छ्रे क्यापिटल लि. रहेको भवन, जे डि ए अफिस कम्प्लेक्स,**

**काठमाडौंमा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा कायम भएका शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न पाउने छन् ।**

भवदीय,

..............................
सुभाष जमरकटेल
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd.
Head Office

..............................
सन्तोष कोइराला
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ :

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।


Head Office:
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4528556, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com